स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.
Swabalamban Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)

च.न. : २७/०७८/७९ मिति : २०७९/११/१९

श्री नेपाल स्टक एक्सचेन्ज लि. सिंहदरबारप्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।

श्री सि.डि.एस. एण्ड क्लिएरिङ्ग लि. पुतलीसडक, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

**विषय : २१औं वार्षिक साधारण सभाको निर्णयको विवरणको सम्बन्धमा ।**

महोदय,

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. २१औं वार्षिक साधारण सभा मिति २०७९/११/१९ गते बिहानको १०:३० बजे लैनचौर ब्यान्क्वेट, लैनचौर, काठमाडौंमा सम्पन्न भएको हुँदा उक्त साधारण सभाको विवरण तहाँको जानकारीको लागि यसै पत्र साथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध छ ।

संलग्न : **२१औं वार्षिक साधारण सभाको निर्णयको विवरण** : पेज १ ।

भवदीय,

......................
गोविन्द चापागाईं
कम्पनी सचिव

## २१औं वार्षिक साधारण सभाको निर्णयको विवरण :

यस स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. को २१औं वार्षिक साधारण सभामा निम्न प्रस्तावहरु पेश भई छलफल पश्चात उक्त प्रस्तावहरु सभाबाट स्विकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**अ) सामान्य प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व.२०७८/७९को **संचालक समितिको प्रतिवेदन** उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९को नाफा नोक्सान हिसाब,नगद प्रवाह विवरण र नाफा नोक्सान बाँडफाँड विवरण छलफल गरी पारित गर्ने ।

३) आ.व. २०७८/७९ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्तापूँजीको ६.०५२६%ले हुन आउने रकम रु.६,७९,२०,८१६/- (**अक्षरेपी छ करोड उनासी लाख बीस हजार आठ सय सोह**) नगद लाभांश(बोनस शेयर र नगद लाभांशको कर सहित)शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने ।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७९/८०को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) आ.व. २०७८/७९ मा भएका संचालक समितिका नयाँ सदस्यहरुको मनोनयन तथा नियुक्ति अनुमोदन गर्ने ।

**आ) विशेष प्रस्तावहरु :**

१) यस वित्तीय संस्थाको अधिकृत पूँजी हाल रु. १ अरब १५ करोड रहेकोमा जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोका लागि २ करोड कित्ता शेयरको प्रति कित्ता रु. १००/- का दरले हुन आउने अधिकृत पूँजी रु. २ अरब कायम गर्ने ।

२) नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम आ.व. २०७८/७९ सम्मको मुनाफाबाट चुक्ता पूँजी रु.१,१२,२१,७०,०००/-को १५% ले हुने रकम रु. १६,८३,२५,५००/- बराबरको १६ लाख ८३ हजार २ सय ५५ कित्ता बोनस शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरुले पाउने गरी जारी गर्ने ।

३) हालको जारी तथा चुक्ता पूँजी रु.१,१२,२१,७०,०००/-मा उपरोक्त बमोजिमको बोनस शेयर जारी गरेर जारी तथा चुक्ता पूँजी रु. १,२९,०४,९५,५००/-कायम गर्ने ।

४) **(क)** प्रबन्धपत्रको ५(क) (अधिकृत पूँजी), ५(ख) (जारी पूँजी), ५(ग) (चुक्ता पूँजी) र ५(ङ) को (१) , (२) संलग्न तीन महले **अनुसूची** अनुसारले हुने गरी संशोधन गर्ने ।

**(ख)** यस वित्तीय संस्थाको नियमावलीको नियम २९ (१) (ग) को (अ)मा संलग्न **अनुसूची** अनुसारले हुने गरी संशोधन गर्ने ।

५) प्रबन्धपत्र तथा नियमावलीमा गरिने संशोधनहरुमा नियमनकारी निकायहरुले संशोधन, थपघट, समायोजन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप गर्न संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

६) संस्थापक शेयरलाई १० प्रतिशत बिन्दुले सर्वसाधारणमा परिणत गरी हालको शेयर संरचना संस्थागत शेयर ७० प्रतिशत र सर्वसाधारण शेयर ३० प्रतिशतलाई क्रमशः संस्थापक शेयर ६० प्रतिशत र सर्वसाधारण शेयर ४० प्रतिशत कायम गर्ने ।

७) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त “घ” वर्गका एक वा एकभन्दा बढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती ( merger/acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।